**मिति २०८२/११/२६ मा राष्ट्रिय दैनिकमा प्रकाशित करार सेवामा कर्मचारी भर्ना सम्बन्धी सूचना बमोजिम विभिन्न पदहरुका लागि उम्मेदवारको आवश्यक न्यूनतम योग्यता र अनुभव**

१. **Engineer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा स्नातक तह उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ५ वर्षको पेशागत अनुभव भएको हुनुपर्नेछ।

२. **Rural Finance Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट बिजनेस एडमिनिस्ट्रेशन, फाइनान्स वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण गरेको सम्बन्धित सेवामा कम्तीमा ५ वर्षको पेशागत अनुभव भएको हुनुपर्नेछ।

३. **Agroecology Crop Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा स्नातक तह उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ।

४. **Agroecology Livestock Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरिनरी साइन्स वा एनिमल साइन्स, एनिमल हसबेन्ड्री वा एनिमल साइन्स/एनिमल हसबेन्ड्रीमा विशेषज्ञता सहित कृषि विषयमा स्नातक तह उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ।

५. **Business Development Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट बिजनेस एडमिनिस्ट्रेशन, एग्रीबिजनेस, अर्थशास्त्र वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ।

६. **Procurement Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको तथा वैदेशिक सहायता प्राप्त परियोजनाहरूमा वस्तु, निर्माण कार्य तथा सेवा (services) खरिद सम्बन्धी सेवामा कम्तीमा ५ वर्षको पेशागत कार्य अनुभव भएको हुनुपर्नेछ।

७. **Fund and Financial Management Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फाइनान्स, फाइनान्सियल अकाउन्टिङ्ग, अर्थशास्त्र, बिजनेस एडमिनिस्ट्रेशन वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ।

८. **POs Strengthening Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि, भेटेरिनरी तथा पशु विज्ञान, डेभलपमेन्ट, कम्यूनिकेसन, सामाजिक विज्ञान वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण गरेको तथा सम्बन्धित विषयमा ५ वर्षको पेशागत अनुभव भएको हुनुपर्नेछ।

९. **MEAL (Monitoring. Evaluation, Accountability and Learning) Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि, भेटेरिनरी तथा पशु विज्ञान, डेभलपमेन्ट, कम्यूनिकेसन, सामाजिक विज्ञान वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ५ वर्षको पेशागत अनुभव भएको हुनुपर्नेछ।

१०. **MIS & Data Management Officer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्फर्मेसन म्यानेजमेन्ट, कम्प्युटर सफ्टवेयर एप्लिकेशन, कम्प्युटर इन्जिनियरिङ वा सूचना प्रविधिसँग सम्बन्धित अन्य कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ।

११. **Financial Management Assistant** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य, लेखा वा विजनेस म्यानेजमेन्ट विषयमा उच्च माध्यमिक शिक्षा (+2/Intermediate) उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ३ वर्षको अनुभव भएको हुनुपर्नेछ।

१२. **Sub-engineer / Overseer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा Intermediate/Diploma मा उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ३ वर्षको अनुभव भएको हुनुपर्नेछ।

१३. **Agricultural Technicians / JT (Plant Science)** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्लान्ट साइन्समा Intermediate /Diploma उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ३ वर्षको अनुभव भएको हुनुपर्नेछ।

१४. **Agricultural Technicians / JT (Animal Science)** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एनिमल साइन्समा Intermediate /Diploma उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ३ वर्षको अनुभव भएको हुनुपर्नेछ।

१५.**Asst. Sub-engineer / Sub-Overseer** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा TSLC वा सो सरह उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ३ वर्षको अनुभव भएको हुनुपर्नेछ।

१६.**Community Mobilizer/JTA Level** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशु विज्ञान विषयमा JTA कोर्स उत्तीर्ण गरेको तथा सम्बन्धित सेवामा कम्तीमा ३ वर्षको अनुभव भएको वा कुनै पनि विषयमा Intermediate उत्तीर्ण गरी कृषि सम्बन्धी परियोजनामा सामाजिक परिचालन क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ।

**अनुभव सम्बन्धी पेश गर्नुपर्ने कागजात र ध्यान दिनुपर्ने विषयहरुः**

क. देहाय बमोजिमको निकायमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रः

१. निजामती तथा अन्य सरकारी निकाय,

२. नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था,

३. विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

४. स्थानीय तहको संस्था वा निकाय,

५. संयुक्त राष्ट्र संघ, यसको अंग तथा विशिष्टीकृत निकाय

६. अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरु,

७. विश्वविद्यालयको आंगिक क्याम्पस र

८. सामुदायिक विद्यालय वा क्याम्पस

ख. (खण्ड क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त सम्बन्धी विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम सम्बन्धित पदमा भर्ना भएको पुष्टि हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

ग. सरकारी कर्मचारी अन्य संगठित संस्थामा काम गरेको अनुभव पेश गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

घ. एउटै अविधमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

ङ. नियुक्तिपत्र वा करारनामामा आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

च. एक वर्षभन्दा कम अवधिको सेवाको अनुभवलाई गणना गरिने छैन।

**समावेशी समूहर्फ दरखास्त दिने उम्मेदवारहरूको लागि आवश्यक पर्ने थप कागजातहरू**

**(क) आदिवासी/जनजातिका हकमाः-** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**(ख) मधेशीका हकमाः-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

**ग) दलितका हकमाः-** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी बरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

**(घ) अपाङ्गका हकमाः** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

**(ङ) पिछडिएको क्षेत्रका हकमाः** अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्राप्त नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात हुनुपर्नेछ।